**नेपाल राष्ट्र बैंक**
**विदेशी विनिमय व्यवस्थापन विभागको**
**नगद विदेशी मुद्रा नेपालमा भित्र्याउने र नेपालबाट बाहिर लैजाने सम्बन्धी**
**सूचना**

नगद विदेशी मुद्रा नेपालमा भित्र्याउने र नेपालबाट बाहिर लैजाने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ र दफा १२ का व्यवस्थाहरु, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९क. को व्यवस्था र मिति २०७५/०९/२३ (खण्ड ६८, संख्या ४७, भाग ५) को नेपाल राजपत्रको सूचना समेतको आधारमा यस बैंकबाट मिति २०७५/०३/३२ र २०७५/१२/२६ मा सूचना प्रकाशन गरिएको व्यहोरा विदितै छ ।

यस बैंकबाट प्रकाशित उल्लिखित सूचनाहरु बमोजिम नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा अमेरिकी डलर ५,००० सम्म (भारतीय रुपैयाँको हकमा अमेरिकी डलर ५,००० बराबर हुन आउने भारतीय रुपैयाँसम्म र यस बैंकबाट विनिमय दर प्रकाशन नहुने अन्य विदेशी मुद्राको हकमा समेत अमेरिकी डलर ५,००० बराबर सम्म) भन्सार घोषणा बिना नेपालमा भित्र्याउन सक्ने र सोभन्दा बढी रकमको हकमा भने भन्सार घोषणा गरी प्रमाणित गराउनु पर्ने व्यवस्था रहेको हुँदा यस बैंकबाट मिति २०७५/०३/३२ र २०७५/१२/२६ मा प्रकाशित सूचनाहरु बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना पुनः प्रकाशित गरिएको छ ।

मिति २०७५/०९/२३ को नेपाल राजपत्रमा प्रकाशित सूचना (खण्ड ६८, संख्या ४७, भाग ५) बमोजिम कसैले पनि सन् २०१६ नोभेम्बर ९ भन्दा अगाडि चलनचल्तीमा रहेका भारतीय रुपैयाँ ५०० र १००० दरका नोटको कारोबार गर्न तथा भारतीय रुपैयाँ २००, ५०० र २००० दरका नोट साथमा राख्न, ओसार पसार गर्न र कारोबार गर्न नपाइने व्यवस्था रहेको छ । साथै, नेपाली नागरिकले भारत बाहेक अन्य मुलुकमा भारतीय रुपैयाँ लैजान वा अन्य मुलुकबाट भारतीय रुपैयाँ नेपाल ल्याउन नपाउने व्यवस्था रहेको व्यहोरा समेत पुनः जानकारी गराइन्छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मिति: २०८२/०५/१० ।